# रिब्दीकोट गाउँपालिकाको विनियोजन ऐन २०७५

**रिव्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष **२०७५।७६** को सेवा र कार्यहरुको लागि संचितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम रिब्दीकोट गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **रिब्दीकोट गाउँपालिकाको विनियोजन ऐन, २०७५** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३५,००,२०,००० मा नवढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः (१) यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिका, न्यायिक समिति, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छ ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि १**

(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

| क.सं. | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ |
| १ | गाउँकार्यपालिका | ४८८५0000.00 | ४४९७0000.00 | | |
| २ | वडा समिति | २000000.00 | ४६६00000.00 | | |
| ३ | विषयगत शाखा | १४६५८५000.00 | ९५१५000.00 | | |
| | जम्मा | १९७४३५000.00 | १0१0८५000.00 | | |

## रिब्दीकोट गाउँपालिकामा आ.ब. २०७५।०७६ मा विनियोजन हुने रकम

**आम्दानी तर्फः**

| **क.सं.** | **आम्दानी हुने शिर्षक** | **रकम रु.** |
|---|---|---|
| १ | वित्तिय समानीकरण | ७२१00000.00 |
| २ | राजस्व बाँडफाँड | ५४१६३000.00 |
| ३ | प्रदेश समानीकरण अनुदान | ४0६६000.00 |
| ४ | सवारी साधन (प्रदेशबाट हस्तान्तरित भै आउने) | ४४४८000.00 |
| ५ | आन्तरिक आम्दानी (अघिल्लो आ.ब.को प्राप्त हुन बाँकी समेत) | ६२४३000.00 |
| ६ | संघिय सरकारबाट प्राप्त सशर्त | १५६१00000.00 |
| ७ | जनश्रमदान | ५000000.00 |
| ८ | सामाजिक सुरक्षा | ४६५00000.00 |
| ९ | सडक बोर्डबाट प्राप्त हुने | २00000.00 |
| १0 | मर्मत सम्भार कोषमा जम्मा रहेको | १२00000.00 |
| ११ | प्रदेश सरकार प्राप्त सशर्त | ९६00000.00 |
| | जम्मा | ३५,९६,२0,000.00 |

**खर्चतर्फः**

| **क.सं.** | **खर्च हुने शिर्षक** | **रकम रु.** |
|---|---|---|
| १ | वडाका लागि | ४८६00000.00 |
| २ | प्रशासनिक | ४८१00000.00 |

| | | |
|---|---|---|
| ३ | गाउँपालिका स्तरीय | ५७४०००००.०० |

# समग्र क्षेत्रगत बिनियोजन रकम

| क्र.सं. | क्षेत्र | वडा तर्फ | गा.पा. तर्फ | समग्र क्षेत्रगत विनियोजन |
|---|---|---|---|---|
| १ | पुर्बाधार तर्फ | १७७०१०००.०० | ३०१०००००.०० | ४७८०१०००.०० |
| २ | सामाजिक बिकास | १७०७४०००.०० | ८६७००००.०० | २५७४४०००.०० |
| ३ | सार्वजनिक तथा क्षमता विकास | ५४०००००.०० | ३९०००००.०० | ९३०००००.०० |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | २१५५०००.०० | २८०००००.०० | ४९५५०००.०० |
| ५ | आर्थिक बिकास | ४३७५०००.०० | ८१५००००.०० | १२५२५०००.०० |
| ६ | प्रशासनिक खर्च | २८८०००००.०० | ३८७५००००.०० | ६७५५००००.०० |
| कुल रकम:- | | ७५५०५०००.०० | ९२३७००००.०० | १६७८७५०००.०० |

आ.ब. २०७४।७५ मा चालु तथा पूजिगत खातामा खर्च हुन बाँकी रही सञ्चित कोषमा दाखिला हुने बजेटको उपयोग, व्यवस्थापन गर्ने जिम्मा गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।